# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का कार्यक्रमहरूमा भर्नाका लागि अनलाइन आवेदन भर्ने विधि

- शुरुमा सीटीईभीटी, परीक्षा नियन्त्रण कार्यालयको वेबसाइट (www.ctevtexam.org.np) क्लिक गर्नुहोस्।




- वेबसाइटको Home Page मा रहेको Classified Online From मा क्लिक गर्नुहोस् ।




- अब आफूले अध्ययन गर्न चाहेको तह डिप्लोमा तथा प्रमाण पत्र तह (पीसीएल) वा प्रि-डिप्लोमा मध्ये कुनै एकलाई छनौट गरी 'न्यु युजर' (New User) मा क्लिक गर्नुहोस्।
- आफ्नो नाम, थर र मोबाइल नम्बर राख्नुहोस् र 'प्रोसिड' (Proceed) मा क्लिक गर्नुहोस्।




- त्यसपछि शुल्क जम्मा गर्न ‘पे नाउ’ (Pay Now) छनौट गर्नुहोस् र त्यसका लागि सम्बन्धित कम्पनी रोजेर पुनः ‘प्रोसिड’ (Proceed) मा क्लिक गर्नुहोस् ।




- शुल्क जम्मा भएको प्रमाणिकरण पश्चात आप्नो पासवर्ड तयार गर्नुहोस् र त्यसपछि Classified Scholarship Online Application Form खुल्छ ।
- त्यसपछि अनलाइन आवेदन फाराममा उल्लेखित आवश्यक विवरण भर्दै जानुहोस् ।
- आवश्यक कागजात अपलोड गर्दा JPEG फाइल फर्म्याट रहेकोमा ध्यान दिनुहोस् । जसमा पासपोर्ट साइजको रङ्गिन फोटो ८ केबी देखि ५० केबीसम्मको फाइल साइज भएको ३५ बाई ४५ एमएम कायम राख्नुहोस् । हस्ताक्षरको फोटो साइज
- ३ केबीदेखि २० केबी भित्र सीमित गर्नुहोस् । त्यस्तै अन्य आवश्यक कागजातको साइज ८० केबीदेखि ३०० केबी बीचमा सीमित गर्नुपर्ने हुन्छ ।
- विद्यार्थी स्वयम्ले प्रक्रिया पूरा गरी छात्रवृत्तिका लागि भरेको अनलाइन आवेदन फाराम परीक्षा नियन्त्रण कार्यालयबाट स्वीकृत भएपछि तत्कालै प्रिन्ट गर्न सकिने बताइएको छ । सो प्रिन्ट गरिएको प्रवेश पत्र प्रवेश परीक्षा र शिक्षालयमा भर्ना हुनका लागि आवश्यक पर्ने भएकाले सुरक्षित राख्नुपर्ने हुन्छ ।

धन्यवाद !